# सूचना तथा प्रसारण विभाग

# बारम्बार सोधिने प्रश्नहरु (FAQ's)

१. **सूचना प्रवाह र सूचना व्यवस्थापनको लागि सूचना तथा प्रसारण विभागबाट कुन कुन प्रकाशन हुने गर्दछ ?**
नेपाल सरकारले यस विभागलाई दिएको जिम्मेवारी अनुसार सूचना व्यवस्थापनका लागि विभागबाट प्रत्येक बर्ष बार्षिक भित्ते पात्रो (क्यालेण्डर),शुभकामना डायरी,नेपाल परिचय पुस्तक, नेपाल द्वैमासिक पत्रिका,विबिधतामा एकता फोटो पुस्तक,मिडिया डाईरेक्टरी र समय समयमा नेपाल सरकारले तोके बमोजिम अन्य प्रकाशनहरु प्रकाशित हुने गर्दछ । साथै विभागले बर्ष भरी गरेका कामको बार्षिक प्रतिवेदन पनि प्रकाशन हुन्छ ।

२. **विभागबाट प्रकाशन हुने सामग्री कसरी प्राप्त गर्न सकिन्छ ?**
सम्वन्धित सरकारी कार्यालय,संघ संस्थाहरुले पत्रसाथ आफूलाई चाहिएको प्रकाशन र संख्याका लागि विभागमा सम्पर्क राखेमा मौज्दातमा उपलब्ध भएसम्म मागको औचित्य समेत बिचार गरी उपलब्ध गराईनेछ ।

३. **विभागबाट प्रकाशन हुने सामग्री व्यक्तिले कसरी लिन सक्छन ?**
सम्वन्धित व्यक्ति, कलेज,विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी तथा खुल्ला प्रतिस्पर्धामा सहभागी हुनेहरुले आफ्नो परिचयपत्र र निवेदन साथ  विभागमा सम्पर्क राखेमा मौज्दातमा उपलब्ध भएसम्म मागको औचित्य समेत बिचार गरी एक/एक थान उपलब्ध गराईनेछ ।

४. **पत्रपत्रिका दर्ता गर्न के के गर्नु पर्दछ ?**
जुन जिल्लामा पत्रपत्रिका दर्ता गराउन खोजिएको हो सोही जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष विबरण भरी पेश गर्नु पर्दछ । यसरी विबरण भर्दा पत्रपत्रिकाको प्रकाशक र सम्पादकको नाम खुलाउनु अनिवार्य हुन्छ । सम्वन्धित जिल्लामा निवेदन दिए पश्चात निवेदनमा पत्रपत्रिकामा उल्लेख भएको नाम यस अघि सोही नाम गरेको पत्रपत्रिका नेपाल राज्यभर दर्ता भए नभएको अभिलेख भिडाउनका लागि जिल्ला प्रशासन कार्यालयबाट विभागमा लेखी पठाए पश्चात अघि दर्ता भएका पत्रपत्रिकाको नामसंग मिल्ने नदेखिएमा र उपयुक्त नाम भएमा दर्ता गर्न सिफारिस गरी पठाईनेछ ।

५. **पत्रपत्रिकाको प्रकाशक/सम्पादक परिवर्तन गर्न के गर्नु पर्दछ ?**
प्रकाशक/सम्पादक परिवर्तन गर्नसम्वन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवदेन दिनु पर्दछ र परिवर्तन स्वीकृति बमोजिम विभागमा अभिलेख अद्यावधिक हुनेछ ।

६. **प्रेस प्रतिनिधि प्रमाणपत्र भनेको के हो ? यो कस-कसले कसरी प्राप्त गर्न सक्छन ?**
कानुन बमोजिम दर्ता भएका सन्चार प्रतिष्ठानमा काम गर्ने क्रियाशील श्रमजीवी पत्रकार( स्थायी,अस्थायी,करार वा स्ट्रिन्जर र स्वतन्त्र पत्रकार) ले समाचार संकलन,सम्पादन र समाचार संकलनका लागि विभिन्न निकायमा प्रवेश पाउने प्रमाणपत्र(स्थायी वा अस्थायी) नै प्रेस

प्रतिनिधि प्रमाणपत्र हो ।यस्तो प्रमाणपत्र सूचना तथा प्रसारण विभागद्धारा जारी हुन्छ ।**प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिले प्रेस परिचयपत्र समेत पाउनेछन ।**

प्रेस प्रतिनिधि प्रमाणपत्र लिन देहायका विबरण विभागमा प्राप्त एवं पेश हुन र दस्तुर सहित सञ्चार प्रतिष्ठानमा काम गर्ने क्रियाशील श्रमजीवी पत्रकार **आफै उपस्थित** हुनुपर्नेछ :

(क) सञ्चार प्रतिष्ठानले आफ्नो प्रतिनिधिको नाम, योग्यता,कार्यक्षेत्र र स्वीकृत दरबन्दी समेत अनलाईन विवरण विभागमा पठाएको ।

(ख) सञ्चार प्रतिष्ठानकोसिफारिस पत्र,नियुक्ति वा करार पत्र,नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको लब्धाङ्कपत्र (एसएलसी/स्नातक) तथा चारित्रिक प्रमाणपत्रहरूका प्रतिलिपिहरू, अनुभवको प्रमाण, ब्रोडसीट दैनिक बाहेक अन्य पत्रपत्रिकाको हकमा हालै प्रकाशित अङ्कको एक प्रति र चार प्रति फोटो,

(ग) स्वतन्त्र पत्रकारको प्रमाणपत्र लिन सञ्चार प्रतिष्ठानकोसिफारिस पत्र र विबरण आवश्यक पर्दैन ।

(घ) दस्तुर

(१) नेपाली नागरिकको लागि - रु. ३००।-

(२) विदेशी नागरिकको लागि - रु. १५००।-

(क) अस्थायीको लागि - रु. ९००।-

(ख) स्वतन्त्र पत्रकारको लागि - रु. ६००।-

**६क. सञ्चार प्रतिष्ठानलेश्रमजीवी पत्रकार तथा कर्मचारी कामदारहरूको दरबन्दी विवरण कहिले र कसरी पठाउनु पर्दछ ?**

विभागले आफ्नो वेब साईटमा सूचना जारी गरे बमोजिम अनलाईनमा मात्र विवरण प्रत्येक आ.व.सुरु हुनु अगावै प्रत्येक वर्षको असार मसान्तभित्र पठाउनु पर्नेछ ।

**७. कस्तो अवस्थामा अस्थायीप्रेस प्रतिनिधि प्रमाणपत्र जारी हुन्छ ?**

छोटो समयका लागि बिशेष कामका लागि आउने बिदेशी पत्रकारलाई उपलब्ध गराईदै आईएको छ

**८. प्रेस प्रतिनिधि प्रमाणपत्रको बहाल अवधि कति हुन्छ ?**

प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१को दफा ३३ बमोजिम एक आर्थिक बर्षका लागि बहाल रहने छ। तर नियुक्ति वा करार को अवधि १ बर्ष भन्दा कम रहेछ भने सोही बमोजिम हुनेछ ।

**९. एउटा सञ्चार प्रतिष्ठान छोडी अर्को सञ्चार प्रतिष्ठानमा काम गर्न गएको अवस्थामा संस्था परिवर्तन गरी प्रेस प्रतिनिधि प्रमाणपत्र जारी हुन्छ कि हुदैन?**

बूंदा नं. ६ बमोजिमको योग्यता तथा प्रक्रिया पूरा गरेका र देहाय अनुसारको कागजात बिवरण र दस्तुर पेश गरेमा संस्था परिवर्तन गरि प्रेस प्रतिनिधि प्रमाणपत्र जारी हुन्छ ।

(क) संस्था परिवर्तन गर्न दिएको निवेदन,

(ख) नियुक्ति वा करारको पत्रको प्रति
(ग) संस्था परिवर्तन गरीदिन सञ्चार प्रतिष्ठानले दिएको सिफारिसपत्र,
(घ) ब्रोडसीट दैनिकबाहेक अन्य पत्रपत्रिकाको हकमा हालै प्रकाशित पत्रिकाको एक अंक सक्कल प्रति,
(ङ) दस्तुर रु. १००/– बुझाएको ।

**१०. नवीकरण हुन नसकेकोम्याद समाप्त भएको प्रेस प्रतिनिधि प्रमाणपत्र पुनः जारी गर्न मिल्छ कि मिल्दैन ?**
म्याद समाप्त भएको प्रेस प्रतिनिधि प्रमाणपत्र नयां सरह पुनः जारी हुन सक्छ तर सोका लागिबूंदा नं. ६ आकर्षित हुनेछ ।

**११. समाचार प्रमुख भनी कस्तो अवस्थामा प्रेस प्रतिनिधि प्रमाणपत्र जारी हुन्छ ?**
बूंदा नं. ६ अनुसार प्रेस प्रतिनिधि प्रमाणपत्र लिनको लागि आवश्यक पर्ने व्यवस्था बमोजिम बिद्युतीय समाचार माध्यमको समाचार प्रमुखको हैसियतमा एक जनालाई समाचार प्रमुख उल्लेख गरी प्रेस प्रतिनिधि प्रमाणपत्र  दिईनेछ ।

**१२. सञ्चार प्रतिष्ठानका अध्यक्ष/संचालक /प्रबन्ध निर्देशक वा व्यवस्थापक, प्रकाशक जस्ता पदका व्यक्तिले प्रेस प्रतिनिधि प्रमाणपत्रपाउछन कि पाउदैनन ?**
यी माथि उल्लेख भएका पदमा बस्नेले **प्रेस प्रतिनिधि प्रमाणपत्र पाउदैनन** तर उनीहरुले देहाय अनुसारको परिचय पत्र पाउनेछन र त्यसका लागि देहायका कागजात, प्रक्रिया र दस्तुरी पूरा गरी व्यक्ति आफै विभागमा उपस्थित हुनुपर्नेछः
(क) दुई प्रति फोटो,
(ख) पदमा रहेको प्रमाणको प्रतिलिपि,
(ग) नागरिकताको प्रतिलिपि,
(घ) सञ्चार प्रतिष्ठानले परिचयपत्र उपलब्ध गराईदिन सूचना विभागमा गरिएको सिफारिस ।
(ङ) प्रबन्ध निर्देशक, वा व्यवस्थापक पदमा भए टेलिभिजन तथा एफ.एम रेडियोबाट प्राप्त नियुक्ति पत्रको प्रतिलिपि,
(च) छापा माध्यम भए प्रकाशक(एकजनाले मात्र पाउने) मा निजको नाम उल्लेख भएको, नियमित प्रकाशनमा रहेको पत्रिकाको स्थायी दर्ता वा दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(छ) दस्तुर प्रवन्ध निर्देशक वा व्यववस्थापक रु. ९००/- अन्यका लागि रु. १०००/-

**१३. प्रेस प्रतिनिधि प्रमाणपत्र हराएमा प्रतिलिपि लिन कुन प्रक्रिया पूरा गर्नुपर्दछ ?**
प्रेस प्रतिनिधि प्रमाणपत्र हराएमा प्रतिलिपि लिनु पर्ने पर्याप्त कारण खोली आफू कार्यरत/सम्बद्ध सञ्चार प्रतिष्ठानबाट सूचना विभागलाई प्रतिलिपि उपलब्ध गराईदिन गरिएको सिफारिस पत्र,पत्रकार परिचयपत्रको सक्कल प्रति लिई विभागमा उपस्थित भै निवेदन साथ दस्तुर रु. २००/– बुझाउनु पर्नेछ ।

**१४. प्रेस प्रतिनिधि परिचयपत्र हराएमा प्रतिलिपि लिन कुन प्रक्रिया पूरा गर्नुपर्दछ ?**

प्रेस प्रतिनिधि परिचयपत्रहराएमा प्रतिलिपि लिनु पर्ने पर्याप्त कारण खोली आफू कार्यरत/सम्बद्ध सञ्चार प्रतिष्ठानबाट सूचना विभागलाई प्रतिलिपि उपलब्ध गराईदिन गरिएको सिफारिस पत्र, प्रेस प्रतिनिधि प्रमाणत्रको सक्कल प्रति, लिई विभागमा उपस्थित भै निवेदन साथ दस्तुर रु. ५०/– बुझाउनु पर्नेछ ।

**१५. प्रेस प्रतिनिधि प्रमाणपत्र / परिचयपत्र लिन बिदेशी मुलुकको शैक्षिक योग्यतको प्रमाणपत्र पेश गर्न सकिन्छ कि सकिदैन ?**

सकिन्छ, तर विदेशी मुलुकबाट प्राप्त गरेको शैक्षिक योग्यताको समकक्षता निर्धारण वा समकक्षता देखिने प्रमाणको प्रतिलिपि पेस गर्नु पर्नेछ ।

**१६. विभागबाट के कस्ता अनुभव प्रमाणित हुन्छन ?**

अनुभव प्रमाणित सम्पादक हुनको लागि प्रवेशिका परीक्षा उत्तीर्णको हकमा पत्रपत्रिका वा समाचार समितिमा १० वर्ष काम गरेको अनुभव पेश गरेमा अनुभव प्रमाणित गरी दिईनेछ । निवेदन साथ दस्तुर रु. १००/– बुझाउनु पर्नेछ ।

**१७. प्रेस प्रतिनिधि प्रमाणपत्र र परिचयपत्र नवीकरणको प्रक्रिया कस्तो छ ?**

**व्यक्ति स्वयं उपस्थित भै** सञ्चार प्रतिष्ठानबाट नवीकरण गरीदिन विभागमा गरिएको सिफारिस पत्र, नियुक्तिपत्रको प्रति,ब्रोडसीट दैनिक बाहेक अन्य पत्रपत्रिकाको हकमा हालै प्रकाशित अंक सक्कल प्रति, र दस्तुर बुझाएको प्रमाण पेश गरी प्रेस प्रतिनिधि प्रमाणपत्र र परिचयपत्र नवीकरण गर्न सकिनेछ ।

**दस्तुर दर**

(क) अवधि समाप्त भएको मितिले ३५ दिनभित्र ५०।- रुपैयाँ

(ख) ३५ दिन नाघेपछिको तीन महिनासम्मको लागि थप रु. ५०।-

(ग) तीन महिना नाघेपछिको असार मसान्तसम्मको लागि रु. १५०।-

(घ) म्याद नाघेको बर्षको असार मसान्तसम्म नवीकरण नभएमा प्रमाणपत्र खारेज हुने ।

(ङ) स्वतन्त्र पत्रकारको परिचयपत्र नवीकरण गर्न गत एक वर्षभित्र आफूले पत्रकारिताको पेशा अपनाई राष्ट्र, समाज र पत्रकारिता जगतमा पुऱ्याएको योगदान उल्लेख गरेको कामको विवरण र कम्तीमा ३ वटा प्रकाशित र प्रसारित समाचार, स्तम्भ लेखन संलग्न भएको र तोकिए बमोजिम दस्तुर बुझाएको ।

**१८.प्रेस प्रतिनिधि प्रमाणपत्र र परिचयपत्र जारी र नवीकरण नेपाल राज्य भरमा विभागबाट मात्रै हुन्छ कि अन्यत्रबाट पनि हुन सक्छ?**

कानुनी व्यवस्था बमोजिम नयां प्रेस प्रतिनिधि प्रमाणपत्र र परिचयपत्र जारी विभागबाट मात्र हुन्छ । नवीकरणको हकमा प्रदेश राजधानी स्थित हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालयबाट पनि गर्न सकिनेछ ।

**१९. सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार,कामदार/कर्मचारीको न्यूनतम मासिक पारिश्रमिक कति दिनु पर्छ ?**

सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा ११क बमोजिम नेपाल सरकारको मिति २०७५/६/३० को निर्णय अनुसार तोकेको न्यूनतम पारिश्रमिक, ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका श्रमजीवी पत्रकार रु.२४३७५।-,श्रमजीवी कामदार/कर्मचारी रु.१८०००।-,स्ट्रिन्जर (प्रति समाचार)रेडियो रु.२५०।-पत्रपत्रिका रु.२८२।-,टेलिभिजन रु.७५०।-र अन्य सञ्चार प्रतिष्ठानका श्रमजीवी पत्रकार रु. १७६२५।-,श्रमजीवी कामदार/कर्मचारी रु.१५६२५।- र स्ट्रिन्जर (प्रति समाचार) रेडियो र पत्रपत्रिका रु.१८८।-,टेलिभिजन ७५०।- का दरले बैंक मार्फत उपलब्ध गराउनु पर्नेछ ।

**२०. अनलाईन सञ्चार माध्यम दर्ता गर्न के कुन प्रक्रिया पूरा गर्नु पर्दछ ?**

अनलाईन सञ्चारमाध्यम दर्ता गर्ने अनलाईन सञ्चारमाध्यम सञ्चालन निर्देशिका,२०७३ बमोजिम संचालक वा सम्पादक स्वयं विभागमा उपस्थित भै देहाय अनुसारको कागजात विबरण पेश गरेमा दर्ता हुनेछ । दर्ता गर्न कुनै दस्तुर लाग्दैन ।

(क) संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) सञ्चालक तथा सम्पादक(स्नातक उतीर्ण) को नाम,थर,ठेगाना,सम्पर्क नम्वर र नागरिकताको प्रतिलिपिहरु

(ग) स्थायी लेखा नम्बर/मूल्यअभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि

(घ) अनलाईन सञ्चारमाध्यम मार्फत पत्रकारिता सञ्चालन गर्ने सञ्चालक समितिको निर्णय

(ङ) Public Domain Details

**२१. अनलाईन संचार माध्यम नवीकरण गर्न के कुन प्रक्रिया पूरा गर्नु पर्दछ ?**

अनलाईन संचार माध्यमप्रत्येक बर्षको पौष मसान्त भित्र नवीकरण भै सक्नु पर्ने छ ।नवीकरण गर्न कुनै दस्तुर लाग्दैन ।साथै देहायका कागजात विबरण पेश गर्नु पर्नेछ :

(क) चालू आ.ब.को असोज मसान्त सम्म आएमा गत आ.ब.को अघिल्लो आ.ब.को वा चालू आ.ब.को असोज मसान्त पछि आएमा गत आ.ब.को करचुक्ता प्रमाणपत्र

(ख) गत आ.ब.को लेखापरीक्षण प्रतिवेदन

(ग) अनलाईन सञ्चारमाध्यम दर्ता सक्कल देखाउने र सोको फोटोकपी

(घ) विभागमा अनलाईनबाट सोही बर्षको असारभित्र श्रमजीवी दरबन्दी विबरण पठाएको हुनुपर्ने

(ङ) Public Domain Details (अद्याबधिक भएको प्रमाण)

**२२. सञ्चार प्रतिष्ठान श्रमजीवी पत्रकार कामदार/कर्मचारीले सञ्चार प्रतिष्ठान वा त्यसका व्यवस्थापकबाट आफूलाई परेको मर्का सम्बन्धमा कहां उजुरी दिनु पर्छ ?**

सञ्चार प्रतिष्ठान श्रमजीवी पत्रकार कामदार/कर्मचारीले प्रेस रजिष्ट्रार (विभागका महानिर्देक)समक्ष उजुरी गर्न सक्नेछन ।

**२३. उजुरीकर्ताले प्रेस रजिष्ट्रार समक्ष उजुरी गर्दा के के कुराहरु खुलाउनु पर्छ ?**

उजुरीकर्ताले प्रेस रजिष्ट्रार समक्ष उजुरी गर्दा खुलाउनु पर्ने कुराहरु :

(क) आफ्नो नाम,थर,ठेगाना र सम्पर्क नम्बर

(ख) उजुरीकर्ता कार्यरत सञ्चार प्रतिष्ठानको नाम,ठेगाना र सम्पर्क नम्बर

(ग) उजुरीकर्ता कार्यरत रहंदाको पद/अवधि/तलब स्केल र सेवाका शर्तहरु

(घ) सुविधा/रकम कहिले देखि नपाएको/ सञ्चार प्रतिष्ठानले के कुरा गर्नु पर्नेमा नगरिदिएको

(ङ) दावी जिकिर पुष्ट्याई गर्ने आधारहरु र अन्य कुराहरु भए सो समेत

*साथै निर्णय गर्नु अगावै उजुरीकर्ताले थप प्रमाण फेला परे सो समेत पेश गर्न सक्ने ।*

**२४. उजुरी उपर प्रेस रजिष्ट्रारले कारबाही गर्न के के कानुनी अधिकार पाएको छ ?**

प्रेस रजिष्ट्रारले कारबाही किनारा गर्न देहायका कानुनी अधिकार पाएको छ :

- उजुरी लिने
- उजुरीकर्ताबाट थप प्रमाण लिने
- सञ्चार प्रतिष्ठानबाट जवाफ/कागजात माग्ने
- छलफलका लागि दुबै पक्षलाई उपस्थित गराउन सक्ने
- निर्णय दिने
- मर्का परेकोमा भरी भराई व्यवस्थापकलाई जरिबाना गर्न सक्ने
- स्थानीय प्रशासनको सहयोग लिई निर्णय कार्यान्वयन गराउने

**२५. प्रेस रजिष्ट्रारले सञ्चार प्रतिष्ठानको सेवा शर्त,सुविधा सम्वन्धी बिवाद समाधान कारबाही गर्न के के कानुनी अधिकार पाएको छ ?**

प्रतिष्ठानको सेवा शर्त,सुविधा सम्वन्धी बिवाद समाधानमा प्रेस रजिष्ट्रारको सहजीकरणको भूमिका मात्र हुने कानुनी व्यवस्था छ ,सो का लागि देहायका प्रक्रिया अपनाईनेछ :

(क) कुनै एक पक्षले निवेदन दिनु पर्ने

(ख) सरोकारवालाहरुलाई उपस्थित गराउने

(ग) सबै पक्ष उपस्थित हुनुपर्ने

(घ) समाधानका लागि छलफल गराउने

(ङ) सबै पक्षको सहमतिमा विवाद समाधान गरी सबै पक्षको हस्ताक्षर गराउने

(च) निर्णय कार्यान्वयन गराउन सरकारी निकाय वा कर्मचारीको सहयोग लिन सक्ने ।

***द्रष्टव्य :***

*१. व्यक्ति स्वयं उपस्थित हुनुपर्ने विषयमा तोकिएको अनुसूची फाराम,निवेदन विभागमै भर्नु पर्नेछ । फारामहरु विभागबाट निशुल्क उपलब्ध हुनेछ ।*

*२. विभाग भन्नाले सूचना तथा प्रसारण विभागलाई जनाउँदछ ।*